लोक सेवा आयोग

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, सातौं, वरिष्ठ अधिकृत पदको

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०९।०१

पत्र : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषयः **सेवा सम्बन्धी**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क" — ५० अङ्क

१. अभिलेख व्यवस्थापनको बारेमा टिप्पणी लेख्नुहोस् । ५

२. 'जनशक्ति व्यवस्थापनमा सूचना व्यवस्थापन एउटा महत्वपूर्ण पाटो हो ।' यस भनाइलाई पुष्टि गर्नुहोस् । ५

३. नेपालको संविधानबमोजिम कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीचको अन्तरसम्बन्धबारे प्रकाश पार्नुहोस् । १०

४. नेपालको सार्वजनिक प्रशासनमा कार्यालयं समयको लचकता (Flexi Time) र सम्पूर्ण गुण व्यवस्थापन (TQM) को प्रयोग कसरी गर्ने प्रयास भएको छ? सारगर्भित जवाफ प्रस्तुत गर्नुहोस् । ५+५=१०

५. जनशक्ति व्यवस्थापनका आधारभूत सिद्धान्तहरू के-के हुन्? नेपालका सार्वजनिक संस्थानहरूमा जनशक्ति प्राप्ति, विकास, दिगोपना र नागरिक अपेक्षाअनुरूपको सेवा प्रवाहको लागि कस्तो जनशक्ति योजना बनाउन उपयुक्त देख्नुहुन्छ? उल्लेख गर्नुहोस् । १०

६. कार्यसम्पादन सूचकांकहरूको प्रयोग कुन-कुन क्षेत्रमा गर्न सकिन्छ? नेपालका सार्वजनिक संगठनहरूमा यसको प्रयोग र औचित्यबारे उदाहरणसहित प्रकाश पार्नुहोस् । ५+५=१०

## खण्ड "ख" — ५० अङ्क

७. विकासको कामलाई प्रभावकारीरूपमा संचालन गर्न विकास प्रशासनको आवश्यकता किन पर्दछ? प्रष्ट पार्नुहोस् । ५

८. नेपालमा वार्षिक खरिद योजना कसरी निर्माण गरिन्छ? यसको ढाँचा (Format) सहित प्रस्तुत गर्नुहोस् । ५

९. नेपालको आर्थिक विकास प्रकृयामा सार्वजनिक क्षेत्रको अतिरिक्त किन निजी र सहकारी क्षेत्रको भूमिकालाई अपरिहार्य ठानिएको छ? विकासको समग्र प्रकृयामा नियमन, सहजीकरण र लगानीको दृष्टिले कुन क्षेत्रको भूमिका बढी देख्नुहुन्छ? वर्णन गर्नुहोस् । ५+५=१०

१०. नेपालको हवाई क्षेत्रको विकासमा अन्तर्राष्ट्रिय समुदायको योगदानको मूल्यांकन गर्नुहोस् । हवाई क्षेत्रको विकासको लागि नेपाल सरकारको आगामी कार्यदिशा कस्तो हुनुपर्ला? चर्चा गर्नुहोस् ।५+५=१०

११. कम्पनी ऐन, २०६३ का मुख्य-मुख्य विशेषताहरू उल्लेख गर्दै यस ऐनले कम्पनीको स्वेच्छिक खारेजीसम्बन्धमा गरेको व्यवस्थाको विश्लेषण गर्नुहोस् । ५+५=१०

१२. नेपाल नागरिक उड्डयन प्राधिकरणको सवल र दुर्वल पक्ष तथा अवसर र जोखिमको विश्लेषण (SWOT analysis) गरी यस संस्थालाई एक सक्षम र गतिशील संस्थाको रूपमा रूपान्तरण गर्न के-कस्ता कदम चाल्नु पर्ला? सुझाव प्रस्तुत गर्नुहोस् । १०

:: समाप्त ::